# प्रहरीले आरोपितको तस्बिर सार्वजनिक नगर्ने

रौतामाई संवाददाता

**गाईघाट, ०८ साउन**

प्रहरीले अबदेखि विभिन्न अपराधका आरोपितको तस्बिर तथा भिडियो सार्वजनिक नगर्ने भएको छ । प्रहरीले अब विभिन्न कसुरमा अनुसन्धानका लागि पक्राउ परेका आरोपितको भिडियो तथा फोटो सार्वजनिक नगर्ने भएको हो ।

प्रहरी प्रधान कार्यालयले सोमबार मातहतका सबै प्रहरी कार्यालयलाई पत्राचार गर्दै आरोपितको फोटो तथा भिडियो सार्वजनिक नगर्न परिपत्र गरेको छ ।

अब प्रहरीले गम्भीर अपराधमा पक्राउ परेका आरोपितको नाम र ठेगानाबाहेक फोटो र भिडियो सार्वजनिक गर्ने छैन । प्रहरी प्रवक्ता डीआईजी विनोद घिमिरेले महान्यायाधिवक्ता कार्यालयकै निर्देशनअनुसार पहिलो चरणमा पक्राउ परेका आरोपितको तस्बिर तथा भिडियो सार्वजनिक नगर्न पत्राचार गरिएको जानकारी दिए ।

"हामीले मानव अधिकारको ख्याल गरेर यस्तो निर्णयमा पुगेका हौँ । अनुसन्धानका लागि पक्राउ परेकाहरूको तस्बिर, भिडियो सार्वजनिक हुँदा उनीहरूले सफाइ पाउँदासमेत तस्बिरका कारण लामो समयसम्म असर पर्ने भएकाले यस्तो निर्णय गरेका हौँ," डीआईजी घिमिरेले भने ।

## सडक...

कार्यालय, सडक डिभिजन लाहान, सिरहाको रेखदेखमा निर्मित यो सडकको गुणस्तरप्रति असन्तुष्ट स्थानीयले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत उजुरी दिएका छन्। सडक डिभिजन लाहान, सिरहा सडक विभाग अन्तरगतको संघीय कार्यालय हो । उनीहरूले निर्माणको सुरूदेखि नै गुणस्तरमा ध्यान दिन आग्रह गरे पनि ठेकेदार र सम्बन्धित निकायले बेवास्ता गरेको गुनासो गरेका छन्।

वडाध्यक्ष लुङ्गराज राईले सडकको गुणस्तर जाँच्न प्राविधिक टोली बोलाएको र कमजोरी भेटिए म्याद थपेर भए पनि सुधार गर्ने प्रक्रिया अघि बढाएको बताए। यस्तै, सडक डिभिजन कार्यालय लाहानका प्रमुख आशुतोष कर्णले पनि गुणस्तर परीक्षणका लागि प्राविधिक टोली खटाइएको र चालु आर्थिक वर्षमा म्याद थपेर गुणस्तरीय काम गर्ने योजना रहेको जानकारी दिए।

स्थानीयवासीले भने, "हाम्रो आशा चिल्लो सडकको थियो, तर कच्ची कामले विश्वास टुट्यो।" उनीहरूले दोषीमाथि कारबाही र सडकको गुणस्तरीय पुनर्निर्माणको माग गरेका छन्।

# उदयपुरमा विविध कार्यक्रम गरी पुष्पलाल स्मृति दिवस मनाइयो

अन्जनी कुमार अधिकारी

**गाईघाट, ०८ साउन**

नेपाल कम्युनिस्ट पार्टी(नेकपा) का संस्थापक महासचिव पुष्पलालको ४७ औं स्मृति दिवस बुधबार देश भर विविध कार्यक्रमको आयोजना गरी मनाइँदैछ ।

उदयपुरमा भने एमाले उदयपुरको समन्वय तथा त्रियुगा नगरपालिका वडा नम्बर ६ वडा कमिटिको आयोजनामा औषधिजन्य वृक्ष रोपेर पुष्पलाल स्मृति मनाइएको छ ।

नेकपा एमाले उदयपुरका अध्यक्ष भागवत राउतका अनुसार स्थानीय लालपता सामुदायिक बन उपभोक्ता समूहको सहयोग र डिभिजन बन कार्यालय गाईघाटको बिरूवा सहयोगमा लालपत्ता सामुदायिक बनको चुरे क्षेत्रमा पोखरी रहेको वनभोज स्थल निर्माणाधिन खोलाको छेउमा विरूवा रोपेर पुष्पलाललाई स्मरण गरिएको हो । डिभिजन बन कार्यालयको नर्सरीमा उपलब्ध नभयका केही बिरूवाहरू भने नीजि नर्सरीबाट खरिद गरेर रोपिएको थियो । अध्यक्ष राउतका अनुसार हर्रो, वर्रो, अमला, धुपी, अशोक,नीम, समि, कपुर जातका २ सय विरूवा रोपेर पुष्पलालको ४७ औं स्मृति दिवस मनाइएको हो ।

उता त्रियुगा नगरपालिका वडा नं ११ वडा कमिटिको आयोजनामा गाईघाटको पुस्पलाल चोकमा रहेको पुस्पलालको सालिकमा माल्यापन र दिप प्रज्वलन गरि उहाँको योगदानको चर्चा गर्दै स्मृति दिवस मनाइएको छ।

यसै बीच नेपालमा कम्युनिष्ट विचारधारालाई अघि बढाउने दूरदर्शि नेता, त्याग र इमानका प्रतीक पुष्पलालको ४७ औं स्मृति दिवसका अवसरमा एमाले चौदण्डीगढी नगर कमिटीको आयोजनामा स्थानीय नेकपा एमालेका नेता तथा कार्यकर्ता एवम् शुभेच्छुकहरूको सहभागितामा नगरको बेल्टार स्थित पुष्पलाल चौकमा रहेको पुस्पलालको शालिकमा माल्यार्पण गरि दिप प्रज्वलन सहित उहाँ प्रति श्रद्दासुमन व्यक्त गरि दिवस मनाइएको नगर कमिटी अध्यक्ष विकास बन्जाराले जानकारी दिनु भयो ।

कम्युनिष्ट पार्टीहरूले साउन ७ गते देशभरि नै नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको स्मृति दिवस मनाउँदै आएका छन् । विसं १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मिएका पुष्पलालले नै कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा लिखित 'कम्युनिष्ट मेनिफेस्टो' (कम्युनिस्ट पार्टीको घोषणापत्र, सन् १८४८)को पहिलोपटक नेपाली भाषामा अनुवाद गरेका थिए । पुष्पलालकै नेतृत्वमा नेपालमा पहिलोपटक २००६ वैशाख १० गते नेपाल कम्युनिष्ट पार्टी (नेकपा) स्थापना भएको हो । पुष्पलाल नेकपाका संस्थापक महासचिव थिए । उनको २०३५ साउन ७ गते भारतमा उपचारका क्रममा निधन भएको थियो ।

## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कटारी,उदयपुर
### कोशी प्रदेश , नेपाल

## आय ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशित मितिः- २०८२/०४/०९ गते, शुक्रबार

यस कार्यालयबाट मिति २०८२/०३/१७ गते रौतामाई राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आ. व. २०८२/८३ को लागि जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम तोकिएको म्यादभित्र दर्ता भएका शिलबन्दी दरभाउपत्र मध्ये मूल्यांकन समितिको निर्णय बमोजिम तपसिलका शिलबन्दी दरभाउपत्र स्वीकृत गरिएको हुदाँ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोहि ऐनको ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ। कुनै दाबी विरोध भए सूचना प्रकाशित भएको ७ दिनभित्र निवेदन पेश गर्नुहुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | ११/२०८१/०८२ | जडिबुटी, कवाडी र जीवजन्तु निकासी कर | श्री सिन्धुली सनराईज कन्स्ट्रक्सन प्रा. लि. काठमाडौं-३२ | ९,१८,६९०/- (अक्षरुपी नौ लाख अठार हजार छ सय नब्बे मात्र) | |

**-प्रमुख प्रशासकीय अधिकृत**

गाईघाट सिटी हस्पिटल प्रा. लि.
GAIGHAT CITY HOSPITAL Pvt. Ltd.
त्रियुगा न.पा. १०, बाँसबारी, उदयपुर
☎ ०३५-४२३८८०, ९८५२८३५८८८
२४सैं घण्टा इमरजेन्सी सेवा उपलब्ध छ ।
हाम्रो सेवाहरु
१) २४ सै घण्टा इमरजेन्सि
२) २४ सै घण्टा फार्मेसी
३) आई. सि. यु.
४) एन. आई. सि. यु.
५) जेनरल वार्ड
६) प्राइभेट वार्ड
७) आधुनिक अप्रेशन, थ्रेटर
८) डेलिभरी वार्ड
९) पोष्ट अप वार्ड
१०) अत्याधुनिक ल्याव (२४ सै घण्टा सेवा)
११) एक्स रे
१२) भिडियो एक्स रे
१३) इन्डोस्कोपी
१४) ल्याप्रोस्कोपी
१५) २४ सै घण्टा एम्बुलेन्स सेवा





हाम्रा विशेषज्ञहरु
१. स्त्री तथा प्रसुति रोग विशेषज्ञ
२. जेनरल फिजिसियन
३. बाल रोग विशेषज्ञ
४. जनरल सर्जन
५. हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
हर्निया र हाइड्रोसिल उपचार केन्द्र
H & H CENTER
शरिरको विभिन्न ठाँउमा भएको गाँठागुठीको शल्यक्रिया, पाठेघरको शल्यक्रिया, स्तनमा भएको गाँठा गुठिको शल्यक्रिया, दुरविन द्धारा पत्थरीको शल्यक्रिया, पितथैलिको शल्यक्रिया, एपेन्डिक्स, हर्निया, पायल्स, फिस्टुला, फिसरको शल्यक्रिया, हातखुट्टा भाँचिएको उपचार तथा हाडजोर्नी सम्बन्धि शल्यक्रिया गरिन्छ ।

प्रो. सतिश सोनी सम्पर्क : ०३५४२१५०१/९८४२८२७१४७
जय नेपाल ज्वेलर्स
त्रि.न.पा.-११, गाईघाट

हामीकहाँ आधुनिक डिजाईनका विना रसायन र परम्परागत सुन चाँदीका गरगहना ग्यारेण्टीका साथ बनाउनुका साथै सुपथ तथा उचित मुल्यमा खरिद तथा बिक्री गरिन्छ ।

प्रो. वैद्य अनिल कटुवाल मोः ९८१७१५०१४५,९८५२८३५१५०
सम्राट आयुर्वेद क्लिनिक
त्रियुगा नपा - ११, गाईघाट
हाम्रा सेवाहरु
पुरानो भन्दा पुरानोः- पाईल्स, फिस्टुला, फिसर, हर्षा, बाथ रोग, ग्यास्टिक, दम, पिनास, जन्डिस, निमोनिया र धातु रोगहरुको सफल उपचार गरिन्छ ।
यहाँः- हरेक दिन डाक्टरहरु द्वारा बिरामी जाँच गरिन्छ ।

स्कुल तथा कलेजको ड्रेस सिलाईमा विशेष छुटको व्यवस्था छ।
प्रो. कलाम राईन टप फेशन 9808866122 9741896325
सटिङ्ग सुटिङ्ग टेलर्स
त्रि.न.पा-११, सिद्वार्थ बैंकको मुनी
हामीकहाँ सर्ट पेन्ट, मेट्रीयल, दौरा सुरुवाल, कोट पाईन्ट, स्कुल कलेजको ड्रेसहरू, जवार कोट, लेहेंगा, अम्रेला, ब्लाउज, मेडी, चोली लगायतका सम्पुर्ण डिजाईनका भरपर्दो गुणस्तरीय सिलाई गरिन्छ ।
साथै सटिङ सुटिङको लागी थानको कपडा पनि पाईन्छ ।